# भारतीय राजदूतावास

# काठमाडौँ

# प्रेस विज्ञप्ति

## नेपालको उदयपुरमा नगर अस्पताल निर्माणका लागि शिलान्यास समारोह

नेपालको कोशी प्रदेशस्थित उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-५ मा नगर अस्पताल निर्माण हेतु आज काठमाडौँस्थित भारतीय राजदूतावासका प्रथम सचिव श्री नारायण सिंह र त्रियुगा नगरपालिकाका मेयर श्री बसन्त कुमार बस्नेतले संयुक्त रुपमा शिलान्यास गर्नुभयो ।

२. भारत सरकारको उच्च प्रभाव सामुदायिक विकास परियोजना पहल अन्तर्गत करिब नेरु. १२.३ करोड आर्थिक सहयोगमा यो अस्पताल भवनको निर्माण भइरहेको छ । यो परियोजना उदयपुरको त्रियुगा नगरपालिकामार्फत कार्यान्वयन गरिनेछ । यो नेपालको उदयपुर जिल्लामा सञ्चालन भइरहेको १२ औँ उच्च प्रभाव सामुदायिक विकास परियोजना हो ।

३. उदयपुरको त्रियुगा नगरपालिकाका मेयर तथा अन्य सरोकारवालाहरुले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो र वहाँहरुले नयाँ संरचनाले त्रियुगा नगरपालिकामा स्वास्थ्य सेवाहरुमा राम्रो पहुँच पुर्‍याउन मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो ।

४. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई प्रवर्द्धन गर्ने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्छ ।

काठमाडौँ

२०८३ आश्विन १९